# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ चौमाला, कैलाली मंसिर ०७ गते , बुधबार २०७९ साल, (संख्या २)

भाग -३

## कर्मचारी प्रोत्साहन कार्यविधि,२०७९

प्रस्तावनाः गौरीगङ्गा नगरपालिका कैलाली अन्तर्गतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई छिटो छरितो, प्रभावकारी एवम् सेवाग्राहीमैत्री बनाउनुका साथै ती कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई कामप्रति उत्प्रेरित तथा जबाफदेही बनाउने उद्देश्यले,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम "**कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९**" रहेको छ ।

(२) यो कार्यविधि २०७९ साल कार्तिक १ गते लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमाः-**

क) "**कर्मचारी**" भन्नाले गौरीगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत रही यसै नगरपालिकाबाट तलब भत्ता भुक्तानी हुने स्थायी/ अस्थायी/करार सेवामा कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ ।

ख) **"मातहतका कार्यालयहरू"** भन्नाले नगरपालिकामा रहेका वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रहरुलाई सम्झनु पर्दछ ।

ग) **"प्रोत्साहन रकम"** भन्नाले नगरपालिका अन्तर्गत कार्यगत कर्मचारीहरूलाई प्रत्येक महिनाको तलब सँगै उपलब्ध गराइने यस कार्यविधि बमोजिमको रकम सम्झनु पर्दछ ।

घ) **"नगरपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिका कैलाली सम्झनु पर्दछ ।

ङ) **"कार्यपालिका"** भन्नाले गौरीगङ्गा नगर कार्यपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

**३. प्रोत्साहन रकम पाउनेः** (१) नगरपालिकाले कर्मचारीहरूलाई देहायको आधारमा प्रोत्साहन रकम उपलब्ध गराउने छ ।

क) नगरपालिका र नगरपालिका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरू तर अस्थायी तथा करार कर्मचारीको हकमा न्यूनतम ६(छ) महिना भन्दा बढी अवधि देखि निरन्तर कार्यरत रहेको हुनु पर्नेछ,

ख) एक महिनामा लगातार १५ दिन भन्दा बढी बिदा वा काजमा नरहेको,

ग) नगरपालिकाले आयोजना गर्ने विभिन्न अभियान तथा कार्यक्रमहरूमा सार्वजनिक बिदा र कार्यालय समय भन्दा बाहेकको समयमा सहभागी हुने,

घ) आवश्यकता अनुसार कार्यालयले खटाएमा सार्वजनिक बिदा र नियमित कार्यालय बाहेकको समयमा पनि कामकाज गरेको ।

**४. प्रोत्साहन रकमः** (१) दफा ३ बमोजिमको प्रोत्साहन रकम बापत कर्मचारीहरूलाई सुरु तलब स्केलको १५(पन्ध्र) प्रतिशतले हुन आउने रकम मासिक रूपमा प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन रकम दफा ३ को आधार पुगेका कर्मचारीलाई २०७९ साल कार्तिक महिनादेखि लागु हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रोत्साहन रकम नगरपालिकाले वार्षिक बजेटमा विनियोजित **कर्मचारी प्रोत्साहन** शीर्षकबाट भुक्तानी गरिनेछ ।

गौरीगंगा राजपत्र

**५.प्रोत्साहन रकम प्रदान गर्न नकिने अवस्थाः** (१) नगरपालिका तथा नगरपालिका अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरूलाई देहाय बमोजिमका अवस्थामा कर्मचारी प्रोत्साहन रकम उपलब्ध गराउन सकिने छैन ।

क) प्रचलित कानुन बमोजिम निलम्बन परेकोमा निलम्बनको अवधिभर,

ख) प्रचलित कानुन बमोजिम बर्खास्त गरिएकोमा,

ग) लगातार १५ दिन भन्दा बढी बिदा रहेकोमा सो महिनाको,

घ) दफा ३ उपदफा (१) बमोजिमको आधार नपुगेको ।

**६. लेखा तथा लेखा परिक्षणः**यस कार्यविधि बमोजिम उपलब्ध गराइएको प्रोत्साहन रकमको सम्बन्धमा नगरपालिकाले कानुन बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

**७. विविधः**(१) यो कार्यविधि लागु हुनु पूर्व उपलब्ध गराइएको प्रोत्साहन रकम वा सुविधा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२( यस कार्यविधि बमोजिम प्रोत्साहन रकम प्रदान गर्न कुनै बाधा परेकोमा नगर कार्यपालिकाले उक्त बाधा फुकाउन सक्नेछ ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र